मिति २०८३।०१।०८ गते नारायण नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री. लोमन शर्मा ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा [illegible] नगर कार्यपालिकाको बैठक बसि निम्न प्रस्तावहरु माथि छलफल भई तपसिल अनुसार निर्णयहरु गरियो ।

**उपस्थिति**

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोमन शर्मा | नगर प्रमुख | |
| २ | श्री तप्ता कुमारी खडका थापा | नगर उप प्रमुख | |
| ३ | श्री मेघनाथ रिजाल | .प्र.प्र.अधिकृत सदस्य सचिव | |
| ४ | श्री सन्देश कुमार श्रेष्ठ | सदस्य १ नं वडा अध्यक्ष | |
| ५ | श्री रेशम बहादुर थापा | सदस्य २ नं वडा अध्यक्ष | |
| ६ | श्री चन्द्र प्रसाद उपाध्याय | सदस्य ३ नं. वडा अध्यक्ष | |
| ७ | श्री चन्द्र बहादुर कटुवाल | सदस्य ४ नं वडा अध्यक्ष | |
| ८ | श्री ऐमान सिं थापा | सदस्य ५ नं वडा अध्यक्ष | |
| ९ | श्री जनक प्रसाद न्यौपाने | सदस्य ६ नं वडा अध्यक्ष | |
| १० | श्री खडग बहादुर शाही | सदस्य.७ नं.वडा अध्यक्ष | |
| ११ | श्री गोपाल कुमार वि.सी. | सदस्य.८ नं वडा अध्यक्ष | |
| १२ | श्री महेन्द्र बिक्रम खडका | सदस्य ९ नं.वडा अध्यक्ष | |
| १३ | श्री लाल बहादुर बस्नेत | सदस्य १० नं वडा अध्यक्ष | |
| १४ | श्री दिर्घ बहादुर मल्ल | सदस्य ११ नं वडा अध्यक्ष | |
| १५ | श्री रत्ना कुमारी थापा | का.पा.सदस्य | |
| १६ | श्री मनसरा अधिकारी | का.पा.सदस्य | |
| १७ | श्री भोज कुमारी कोईराला | का.पा.सदस्य | |
| १८ | श्री खगिसरा सुनार | का.पा.सदस्य | |
| १९ | श्री रत्नकलि सार्की | का.पा.सदस्य | |
| २० | श्री बखत बहादुर नेपाली | का.पा.सदस्य | |
| २१ | श्री तिर्थ बहादुर दमाई | का.पा.सदस्य | |

**आमन्त्रित**

| | | | |
|---|---|---|---|
| १ | श्री पदम बहादुर खापकोट्टी | कं. शाखा अधिकृत | |
| २ | श्री कमला भण्डारी | सचिवालय प्रमुख | |
| ३ | श्री प्रेम कुमार उपाध्याय | प्रे. फो. | |
| ४ | | | |

निर्णय नं.१

नारायण नगरपालिकाको आगामी आ.व. २०८३/०८४ को योजना तर्जुमा गर्न बस्ती, टोल तथा वडास्तरबाट योजना तर्जुमा गरी वडाबाट कार्यान्वयन हुने तथा नगरपालिका, प्रदेश, तथा संघीय सरकारमा माग गरी पठाउने योजनाहरुको विवरण तयार गरी यहि बैशाख मसान्तभित्र नगरपालिकामा पेश गर्न वडाहरुमा अनुरोध गरी पठाउने र बजेट सिमा निर्धारण गरी योजना तर्जुमा गर्दा अपनाउनु पर्ने प्रक्रिया, प्राथमिकताका आधार र मार्गदर्शन तयार गरी पठाउने निर्णय गरियो ।

निर्णय नं.२

नारायण नगरपालिका क्षेत्र तथा अन्य धार्मिक स्थानहरुमा संचालित धार्मिक पर्यटन मेला तथा महायज्ञ आयोजकहरुबाट आर्थिक सहयोगको लागि रकम माग भई आयकोले निम्न संस्थाहरुलाई निम्नानुसारको सहयोग रकम आर्थिक सहायता शीर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१.पञ्चकोशी क्षेत्र विकास संस्था धार्मिक महोत्सव रु. १५,०००/-
२.नारायण ज्ञान विज्ञान धार्मिक महोत्सव ना.न.पा. १ रु १०,०००/-
३.बसन्तमाला वेद विद्या पाठशाला ना.न.पा. ७ रु. १०,०००/-

निर्णय नं.३

नारायण नगरपालिका क्षेत्र भित्र समुदायमा आधारित महिनावारी सेवा केन्द्रको व्यवस्थापन तथा कार्यान्वयन गर्न आवश्यक भएकोले हाललाई नारायण नगरपालिका वडा नं. ६ स्थित आधारभूत स्वास्थ्य चौकीमा महिनावारी सेवा डेक्स स्थापना गरी आवश्यक सेवा प्रवाह गर्न र सेवा प्रवाहमा आबश्यक पर्ने सामाग्रीहरु उपलब्ध गराई दिन र वालविवाह अन्त्यका लागि आवश्यक रणनीति तयार गर्न समता फाउण्डेशन ललितपुरमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

निर्णय नं.४

नारायण नगरपालिकाद्वारा संचालित नवप्रवर्तन साझेदारी परियोजनाको आर्थिक विकास र रुपान्तरणका लागि व्यवसायिक उद्यम विकास कार्यक्रमको कूल बजेट रु.७७,८८,१४०/- नगरपालिकाको तर्फबाट रु.२३,३६,४४०/- र कर्णाली प्रदेश सरकारको नवप्रवर्तन साझेदारी परियोजनाबाट प्राप्त रकम रु.५४,५१,७००/-को कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

नारायण नगरपालिका वडा नं १ स्थित श्री त्रिभुवन मा.वि. दैलेखको भवन  निर्माण कार्यका लागि संघीय सरकारबाट नमूना विद्यालय अन्तर्गत प्राप्त सशर्त अनुदान अन्तर्गत उक्त विद्यालयबाट ठेक्का आह्वान भई सम्झौता समेत भइसकेको हुँदा बाँकी रकमबाट नमूना विद्यालय गुरुयोजना बमोजिम विद्यालयको  पूर्वाधार निर्माणका लागि पुनः प्रस्ताव आह्वान गर्न सहमति दिने निर्णय गरियो ।

**निर्णय नं ६**

नारायण नगरपालिका दैलेखको चालु आ.ब.२०८२/०८३ दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम २०८३ बैशाख मसान्त भित्र संचालन गरिसक्ने निर्णय गरियो ।

**निर्णय नं ७**

नारायण नगरपालिका दैलेखमा संचालनमा रहेको दैलेख पलसले एड्स रोगीहरुलाई विगत देखि आवश्यक सहयोग गरीरहेको हुंदा हाल आर्थिक अवस्थाका कारण एड्स रोगीहरुलाई सेवा दिन नसकेकोले आर्थिक सहयोग उपलब्ध गराईपाउं भनि निवेदन दिनु भएको हुंदा उक्त दैलेख पलसलाई आर्थिक सहायता शिर्षकबाट रु.१०,००० (अक्षरुपी दश हजार) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

वि.स. २०५३ सालमा स्थापना भएको दैलेख जिल्ला सदरमुकाममा रहेको यस नारायण नगरपालिकाको विगतमा बनेको पुरानो प्रशासकीय भवनबाट गुणस्तरीय र प्रविधिमैत्री सेवाप्रवाह गर्न असहज भएको, संरचनाहरु अपाङ्गतामैत्री नरहेको तथा नगरपालिकाको बढ्दो कार्यक्षेत्र र जिम्मेवारी अनुसार एकीकृत सेवा प्रवाहको माध्यमबाट स्थानीय तहको सेवा प्रवाहलाई थप प्रभावकारी, व्यवस्थित तथा सेवामैत्री बनाउनका लागि आधुनिक सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण गर्न अति आवश्यक देखिएको हुंदा आवश्यक बजेट विनियोजनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।